**बेनी नगरपालिका**

**आ. व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम**

**आदरणीय नगर सभासदज्यूहरु,**

१. बेनी नगरपालिकाको नगरप्रमुखको रुपमा नगरको १३ औ नगरसभामा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षानुभूति गरेको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा पश्चात दोस्रो कार्यकालका लागि निर्वाचित भई हामी जनप्रतिनिधिले पदबहाली गरी १ बर्ष जन अपेक्षा पुरा गर्न सहभागी भई सकेका छौ । निर्वाचित जनप्रनिधिले समग्रतामा प्रतिनिधित्व गर्न सक्नुपर्दछ । यद्यपि सुन्दर, समुन्नत र व्यवस्थित बेनी नगर निर्माण सबै पक्षको सहभागिताबाट मात्र सम्भव छ । हामी निर्वाचित प्रतिनिधि सबै बेनी नगरवासीका साझा प्रतिनिधि हौं । यसर्थ भूगोल र दलगत स्वार्थबाट माथि उठी समुन्नतिका लागि साझा धारणा बनाई अगाडि बढ्नु आजको आवश्यकता हो । नगरबासीले सुम्पनु भएको ऐतिहासिक अवसरलाई कुनै पनि बाहनामा खेर नफाल्ने प्रतिवद्धता सहित यहाँहरुको साथ र सहयोगको अपेक्षा गर्दछु ।

४. ग्रामीण पहाडी क्षेत्र रहेको बेनी नगरपालिका भौगोलिक जटिलता र विविधता दुवै छ । आर्थिक तथा मानवीय विकासका परिसूचकहरु समेत विषम छन् । यसर्थ आगामी दिनमा हाम्रा प्राथमिकता र नीति कार्यक्रम यीनै सूचकलाई उच्च विन्दूमा पुर्‍याउन केन्द्रित गरी स्रोत र साधनको बाँडफाँड गर्नुपर्ने देखिन्छ ।

५. सरकारको उपस्थिति नागरिकलाई प्रवाह गर्ने सेवाबाट अनुभूत हुन्छ । सुशासन र विकास प्रक्रियामा स्थानीय सरकारप्रति नागरिकले विश्वास गर्ने आधारशीला तयार गर्नु पर्ने भएको छ । मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीका कारण गतवर्ष भन्दा यस बर्षको वजेट रकम तुलनात्मक रुपमा कम रहेको छ । मुल समस्याको जरो पहिल्याई तदनुरुप नीति कार्यक्रम तय गर्दै जनमुखी सेवा प्रदान गर्ने र विकासलाई द्रुत रुपमा अगाडि बढाउनै पर्ने विश्वास दिलाउन चाहन्छु ।

६. नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजना, नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, गण्डकी प्रदेश सरकारको आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेट, बेनी नगरपालिकाको **" शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः स्वच्छ समृद्ध बेनी नगरको मुल आधार"** भन्ने दीर्घकालिन सोच, बेनी नगरपालिकाको प्रथम आवधिक योजना तथा विगत वर्षहरुमा आरम्भ गरिएका विकासका कार्यलाई निरन्तरता दिई व्यवस्थित विकास कार्य अगाडि बढाउने नीति लिइनेछ ।

७. **" समृद्ध बेनी नगर"** को विकासको प्रस्थान विन्दुको रुपमा आगामी वर्षको नीति तथा कार्यक्रमका मार्गनिर्देशक सिद्धान्त देहाय बमोजिम हुनेछन् ।

१) गुणस्तरीय शिक्षा मार्फत सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन

२) सुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चितता

३) उत्पादनमा आधारित व्यावसायिक र आधुनिक कृषि प्रणाली अवलम्बन

४) पर्यटकीय सम्भावनाको पहिचान तथा उत्थानशील पूर्वाधार निर्माण

५) दीगो ,पर्यावरणमैत्री, योजनाबद्ध पूर्वाधार विकास

६) सामाजिक, न्यायपूर्ण, समावेशी तथा समतामुलक समाजको निर्माण

७) विभिन्न तहका सरकार र निजी क्षेत्रसँगको समन्वय, साझेदारी र सहकार्य

८) सुशासन, सदाचार र पारदर्शी सेवा प्रवाह

९) प्रविधिमैत्री, सूचना तथा ज्ञानमा आधारित व्यवस्थापन

**अव म बेनी नगरपालिकाले आगामी आर्थिक वर्षका लागि तय गरेका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**कृषि तथा सिचाईं**

८. **"कृषि उत्पादनमा वृद्धिः नगरको समृद्धि"** अवधारणा अनुसार कृषिक्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।

९. कृषि तथा पशु बिमा कार्यक्रम मार्फत नागरिकलाई कृषि व्यवसाय तर्फ आकर्षित गर्न संघ तथा प्रदेश सरकारको साझेदारीमा **निशुल्क कृषि तथा पशु बिमा कार्यक्रम**लाई कार्यान्वयन गर्दै ४ बर्ष भित्र कम्तिमा दुध, फलफूल, तरकारी र मासुको आयात प्रतिस्थापनमा जोड दिदैं आत्मनिर्भर बनाइनेछ ।

१०. नगरक्षेत्रभित्रका कृषि उपजको भण्डारण गरी बजारीकरण र उचित व्यवस्थापन गर्न निर्माणाधिन चिस्यान केन्द्रलाई निरन्तरता दिदैं निजी/सहकारी क्षेत्रको साझेदारीमा **चिस्यान केन्द्रको संचालन तथा व्यवस्थापन** गरिनेछ ।

११. सम्भाव्यता अध्ययन गरी बेनी नगरपालिकाको कुनै एक सामुदायिक बन क्षेत्रमा कृषि तथा फलफुल उत्पादनको प्रवर्द्धन गर्न **कृषि बन कार्यक्रम**लाई पाइलट कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

१२. **"एक वडा एक उत्पादन"** नीति मार्फत आत्मनिर्भर बेनी नगरपालिका निर्माण गर्न सीप, प्रविधि तथा पूँजी अनुदान तथा सहुलियत दिइनेछ । अध्ययन, अनुसन्धानका आधारमा रैथाने कृषि उपजको संरक्षण, सम्वर्धन

र व्यावसायीकरण गरिनेछ । सामुहिक र सहकारी खेती प्रणालीको प्रवर्द्धन र प्रोत्साहन गर्दै उत्पादनमा अनुदान कार्यक्रमको पाइलट प्रोजेक्टको रुपमा सुरुवात गरिनेछ ।

१३. नगरपालिका क्षेत्रका सम्पूर्ण पानीको स्रोत, मुल तथा मुहानको एकीकृत प्रोफाइल तयार गरिनेछ । पानी र सिचाईंका स्रोतको संरक्षण, सदुपयोग र दीगो व्यवस्थापन गरी नगरबासीलाई स्वच्छ खानेपानीको सुनिश्चितता, साना सिँचाई कार्यक्रम क्रमशः लागु गरिनेछ ।

१४. कृषि उत्पादनको बजारीकरण, मूल्य श्रृंखला र भण्डारण सहयोगका लागि कृषि उपज संकलन केन्द्र र कृषि बजार मार्फत स्थानीय कृषि उपज बिक्री बितरण सुनिश्चित गरिनेछ । कृषि उपजको उचित मूल्य र बजार पहुँचको लागि **कृषि उत्पादन व्यवस्थापन प्रणाली (APMIS)** सञ्चालन गरिनेछ ।

१५. प्राकृतिक तथा अन्य कारणले बालीमा पुग्न सक्ने क्षति न्यूनीकरण गर्न मौसम पूर्वानुमान सूचना प्रणालीको व्यवस्था मिलाइनेछ । जलवायु अनुकूलन खेती प्रविधिको प्रयोग तथा बालीमा हुने महामारीको पहिचान र नियन्त्रणमा सहयोग गरिनेछ ।

१६. अर्गानिक खेतीलाई जोड दिँदै रैथाने बाली तथा बिउ बिजनको संरक्षण एवं प्रवर्द्धनमा नगरपालिकाद्वारा विशेष कार्यक्रम तय गरिनेछ । उच्च मूल्यबालीको प्रवर्द्धन, विकास र विस्तार गरिनेछ । खेती गर्न इच्छुक भूमिहीन व्यक्ति वा संस्थालाई बाँझो जग्गा उपलब्ध गराउन पहल गरिनेछ ।

१७. प्रभावकारी कृषि प्रसार, सूचना प्रविधि र संचारका लागि **प्रत्येक वडामा प्राविधिक**को व्यवस्था मिलाइनेछ । कृषक तथा उत्पादन बढाउ नीति लिई सीप, तालिम, क्षमता र बीउ पूँजीसस्मको व्यवस्था गरिनेछ ।

१८. गुणस्तरीय फलफूलका तथा तरकारी विरुवा उत्पादनका लागि **नगरपालिकामा एक सामुदायिक नर्सरी** स्थापनामा गर्ने नीति लिइनेछ । साथै गुणस्तरीय तथा मूल्यवान फलफूलको विरुवा निःशुल्क वितरणका माध्यमवाट नागरिकको स्वास्थ्य तथा जीवनस्तरमा विशेष सहयोग पुर्याइने छ ।

१९. माटो नै जीवन हो भन्ने तथ्यलाई मध्येनजर गरी स्वस्थ माटो कार्यक्रम सञ्चालन गरिनेछ । गोठ सुधार, खोर सुधार र भकारो सुधारद्वारा गरिने मलको उत्पादन र जैविक विषादीमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**पशुपन्छी**

२०. **"पशु उत्पादनमा वृद्धिः आर्थिक उपार्जन सहितको समृद्धि"** हासिल गर्न पशुपन्छीपालन व्यवसाय प्रवर्द्धन र सम्वर्द्धनका लागि पशु नश्ल सुधार, आहार व्यवस्थापन, उत्पादनका आधारमा अनुदान, पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२१. पशुपालनलाई नागरिकको जीवनस्तर सुधारसंग जोड्न पशु आहारको लागि नगरपालिका क्षेत्रभित्र डिभिजन बन कार्यालय र नगरपालिकाको समन्वयमा **डालेघाँस बिरुवा रोपण गरी बृहत अभियान बर्ष, २०८१**

सञ्चालन गरिनेछ । जसका लागि अन्य रुखको ठाउँमा डालेघाँसजन्य विरुवा प्रतिस्थापन गर्न निशुल्क रुख कटान गर्न चेनसो अनुदान दिइनेछ ।

२२. उत्पादन र उत्पादकत्व बृद्धिका लागि गाई, भैसीको नश्ल सुधार एवं उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधान (SEXED SEMEN) कार्यक्रम सञ्चालन गरिनेछ । पशु सेवा शाखाका कर्मचारीलाई एआई सम्बन्धी तालिम दिइनेछ ।

२३. पशुपन्छीजन्य उत्पादन र बिक्रीका लागि व्यावसायिक पशु वधशाला, स्वस्थ मासुपसल लगायतका व्यवस्थित पूर्वाधार निर्माण कार्य अगाडि बढाई गुणस्तर कायम गरिनेछ ।

२४. "**कृषकहरुको पहुँच र पहिचानः व्यावसायिक कृषकहरुको संरक्षण र सम्मान**" केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल सरकारको सहकार्यमा नगरक्षेत्रका साना तथा सिमान्तीकृत कृषकहरुको सूचीकरण एवं वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइनेछ । व्यवसायिक पशुपालक कृषकहरुलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिई पशु स्वास्थ्यमा हुने क्षतिको जोखिम कम गरिनेछ ।

२५. छाडा पशु नियन्त्रणका लागि मापदण्ड तयार गरी व्यवस्थापन गरिनेछ । सामुदायिक कुकुर नियन्त्रणका लागि घर पालुवा कुकुर दर्ता र भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. प्रत्येक वडामा कृषि वा पशु प्राविधिक सेवा सुनिश्चित गरी आधारभुत कृषि र पशुस्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । पशुपन्छीमा हुने महामारी रोगको पहिचान, नियन्त्रण र पुनर्स्थापनामा सहयोग गरिनेछ ।

**रोजगार प्रवर्द्धन**

२७. रोजगारका लागि सहजीकरण, समन्वय, सञ्जालीकरण, नवप्रवर्तन र अनलाइन रोजगार बजार, स्वरोजगार, उद्यमशीलता बढाउन मानव संशाधन विकास केन्द्रका रुपमा रोजगार बैङ्क स्थापना गरिनेछ । बेनी नगरपालिकाको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२८. बैदेशिक रोजगारीको अवस्थालाई सुरक्षित मर्यादित तथा व्यवस्थित गराउने उद्देश्यले यस नगरपालिकामा सुरक्षित रोजगार सम्वन्धी आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) स्थापना गरी सञ्चालन गरिनेछ । बेनी नगरपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरी स्थानीय, राष्ट्रिय, वैदेशिक तथा निजी क्षेत्रसँग सञ्जालीकरण गरी मागसँग आवद्ध गरिनेछ ।

२९. माध्यमिक तहको अध्ययन सकेका युवालाई भाषा, होटल म्यानेजमेन्ट, मोबाइल मर्मत, कृषि स्रोत व्यक्ति, जडिवुटी संकलन, ब्युटिसियन, प्लम्बिङ्ग, ईलेक्ट्रिसियन, भेटेरेनरी, ईम्ब्रोइडरी, ह्यान्डलुम, ग्राफिक्स डिजायन, वेभपेज डिजाइन, भिडियो एडिटिङ, वेटर आदि जस्ता सीपसंगै रोजगारी र उद्यमशीलता विकास गर्न सक्षम युवा परियोजना सञ्चालन गरिनेछ ।

३०. बेरोजगार युवाहरुलाई कृषि, पशुपालन लगायतका नवपर्वतनात्मक उद्यमशीलतालाई प्रोत्साहन गरी उत्पादनमा युवा संलग्नता र नेतृत्व अभिवृद्धि गर्न "**उत्पादनमा युवा प्रोत्साहन**" कार्यको लागि आवश्यक व्यवस्था गरिनेछ ।

३१. "**श्रमको सम्मान नगरको अभियान**" का साथ न्युनतम रोजगारीको प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै नगरपालिकाको विकास निर्माण कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आवद्ध गर्दै योजनाका क्रियाकलाप संञ्चालन गरिनेछ ।

३२. मजदुर हेल्प डेस्क स्थापना गरी वेरोजगारीहरुको सीप र क्षमतालाई आधार लिई तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी श्रम बजारको आवश्यकता अनुसार व्यावसायिक तथा सीप विकास कार्यक्रम सञ्चालन सहित माग परिपूर्ति गरिनेछ । आन्तरिक रोजगारी सिर्जना गर्न रोजगार प्रदायक निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ ।

३३. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत दक्ष तथा सिपयुक्त जनशक्तिको विकास गरी बेरोजगारी न्यूनिकरण र आन्तरिक रोजगारीको प्रवर्दन गर्न उद्यमशिलता तथा सिपमुलक तालिम प्रदान गरि स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ । उद्यमीहरुलाई बजारीकरण तथा वित्तीय संस्थाहरुको पहुँच वृद्धि गरिनेछ ।

३४. आ.ब. २०८०/०८१ देखि रोजगार सेवा केन्द्रबाट नगरबासीहरुलाई व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन लगायतका श्रम तथा रोजगार सम्बन्धी सेवा तथा सुविधा स्थानीय तहबाट एकीकृत रुपमा प्रदान गर्न तथा नमूना रोजगार सेवा केन्द्रको रूपमा विकास गर्दै लगिनेछ ।

३५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न सूचीकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको र सामाजिक संरक्षणको प्रत्याभूति प्रदान गर्न सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र पुर्वाधारको विकास गरिनेछ । त्यस्तै पालिकास्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ।

३६. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणली (EMIS) मा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

३७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक कार्यक्रम बनाएर समन्वय गरिनेछ ।

३८. कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई श्रमको सम्मान गर्न **"श्रमको सम्मान बेनी नगरको अभियान"** कार्यक्रम संचालन गरिनेछ ।

**उद्योग तथा सहकारी**

३९. सहकारी संस्थाहरुलाई व्यावसायिक कृषि उत्पादन क्षेत्रमा आफ्नो पूँजी तथा लगानी परिचालन गर्न सहजीकरण गरिनेछ । नगर, सहकारी र समुदायको सहकार्यमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायमा लगानी विस्तार गर्ने नीति लिइनेछ ।

४०. विषम आर्थिक समस्यावाट गुज्रिएका रुग्ण सहकारीहरुको व्यवस्थापन गर्न सहकारीको अनुगमन र नियमनलाई व्यवस्थित वनाउदै बचत कर्ताको पूँजी सुरक्षाका लागि आवश्यक कदम चालिनेछ ।

४१. सहकारी मार्फत उत्पादित वस्तुको प्रशोधन, भण्डारण, बजारीकरण र विविधिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. नगरभित्र रहेका सम्पूर्ण उद्योगहरुको लगत तयार पारी औद्योगिक प्रोफाइल तयार गरिनेछ । प्रदेश सरकारको अग्रसरतामा निर्माण हुन लागेको औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिमा आवश्यक सहजीकरण गरिनेछ । साथै उद्योगस्थल सम्मको पहुँच मार्ग मर्मत सम्भारमा सहजीकरण गरिनेछ ।

४३. उद्यमशीलताको क्षेत्रमा कार्य गर्नका लागि यूवा उद्यमशीलता कार्यक्रम तय गरी आवश्यक वीउ पूँजीको व्यवस्थापन र प्रोजेक्ट संचालनमा सहजीकरण गरिनेछ ।

४४. **"स्थानीय औद्योगिक उत्पादनमा बृद्धिः रोजगारी सिर्जना र समृद्धि"** लाई साकार गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई विकास, विस्तार र आधुनिकीकरण गरिनुका साथै उद्यमशीलताको प्रोत्साहन स्वरुप उद्यमी पुरस्कारको व्यवस्था गरिनेछ ।

४५. खाद्य वस्तुको गुणस्तर मापदण्ड तर्जुमा गर्दै स्वस्थ वस्तु उपयोग सुनिश्चितताका लागि सम्वन्धित निकायको समन्वय र सहकार्यमा बजार अनुगमन सघन गर्दै लगिनेछ ।

**पर्यटन विकास**

४६. **"समृद्ध पर्यटकीय बेनी नगर"** भन्ने अवधारणासंगै बेनी नगरपालिका क्षेत्रभित्रका पर्यटकीय सम्भावना बोकेका स्थानहरुको पहिचान एवं प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना तर्जुमा गरिनेछ ।

४७. **"एक वडा एक पर्यटन परियोजना"** अन्तर्गत बेनी नगरपालिकाका सबै वडाहरुमा देहाय बमोजिमको परियोजना सञ्चालन गर्न आवश्यकतानुसार निजी क्षेत्र, संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्ने गरी सम्भाव्यता अध्ययन गरी DPR तयार गरिनेछ ।

१. वडा नं १ मा रत्नेचौर देखि पर्वत झोलुङ्गे पुल निर्माण गरी विश्वको दोश्रो लामो पुल र वन्जी जम्प निर्माण परियोजना, भाईरल तोरीबारी हुँदै ज्यामरुकोट स्वर्गाश्रम बेलढुङ्गा पर्यटन पदमार्ग निर्माण परियोजना,

२. वडा नं २ मा सार्वजनिक निजी साझेदारी अन्तर्गत लभ्लिहिल रिसोर्ट तथा जिप फ्लायर परियोजना,

३. वडा नं ३ मा स्वर्गाश्रम ध्यान केन्द्र,

४. वडा नं ४ मा तातोपानी कुण्ड व्यवस्थापन,

५. वडा नं ५ मा पुलाश्रम रावण पार्क तथा तपोभूमी परियोजना,

६. वडा नं ६ मा अतिथी सत्कार गृह (होम स्टे) निर्माण परियोजना

७. वडा नं ७ मा शान्ती पार्क परियोजना,

८. काली तथा म्याग्दी नदीमा सिल्ट्रेशन ड्याम निर्माण गरी स्टीमर सञ्चालनको सम्भाव्यता अध्ययन गरिने

९. वडा नं ८ को कालिपुल पुरानो बजारमा घरवास (होम स्टे) सञ्चालनका लागि नागरिक साझेदारी, कोट भण्डार क्षेत्रमा टक्सार पुरातात्विक, सास्कृतिक संग्रहालय,

१०. वडा नं ९ मा रहेको गलेश्वरधाम देखि पुलाश्रम घतानकोट ढोल्ठान दरबार जगन्नाथ जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन गरिने,

११. वडा नं १० मा धारसुन्ना पर्यटन विकास र रघुगंगा गा.पा. संग साझेदारीमा टोड्के पर्यटन विकास परियोजना,

४४. होमस्टेलाई मौलिक नामाकरण गरी स्थानीय उत्पादनः स्थानीय आतिथ्यताको रुपमा विकसित गरिनेछ । नयाँ- नयाँ स्थानीय अतिथि गृहको संचालनको आवश्यक संभाव्यता अध्ययन गरी विद्यमान अतिथि गृहको क्षमता अभिवृद्धिमा थप सहयोग पुर्याइनेछ ।

४५. नगरमा रहेका पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकास तथा प्रवर्द्धन र सञ्जालीकरण मार्फत् पर्यटकीय गन्तव्यहरुको पहिचान गर्दै पर्यटनलाई व्यवसायको रुपमा विकास गरिनेछ । रावणपार्क निर्माणलाई पूर्णता दिइनेछ । नगर क्षेत्रमा रहेका धार्मिक क्षेत्र (गलेश्वरधाम, पुलाश्रम, जगन्नाथ मन्दिर, कपिलाश्रम, स्वर्गाश्रम, ज्यामरुकोट, बेनीकोट भण्डार, गुफाराम मन्दिर, शिवालय मन्दिर जस्ता धार्मिक र सांस्कृतिक सम्पदाहरु) को विकास संरक्षण र प्रचार प्रसार गरी उक्त क्षेत्रलाई धार्मिक पर्यटकीय सर्किटको रुपमा विकास गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरिनेछ ।

४६. बेनी नगरपालिकाभित्र रहेका ऐतिहासिक एवं धार्मिक मठमन्दिरहरुलाई नगरपालिकाको स्वामित्वमा राख्ने व्यवस्था मिलाई त्यस्ता सम्पदाहरुको संरक्षण एवं विकासका लागि विशेष व्यवस्था गरिनेछ ।

**शिक्षा**

४७. **मेयरसँग सामाजिक कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।

४८. नगर भित्र शिक्षाको अधिकारबाट बालबालिका तथा लक्षित वर्गका गरिब महिला, दलित, अल्पसंख्यक कोही पनि बञ्चित हुन नपरोस् भन्ने हेतुले गुणस्तरीय र निःशुल्क सार्वजनिक शिक्षाको व्यवस्थापन गरिनेछ ।

४९. नगरपालिकाको शैक्षिक सुधारका लागि छनौट भएका शिक्षकलाई छिमेकी देशको सामुदायिक विद्यालय अभ्यास अध्ययन गर्न पठाई पेश गरेको शिक्षा प्रणाली सुधार सम्भाव्यता अध्ययन प्रतिवेदन कार्यान्वयनमा लगिनेछ ।

५०. **"प्रशिक्षित अध्यापक : प्रतिस्पर्धी प्रधानाध्यापक"** भन्ने सिद्धान्तलाई अनुशरण गर्दै सामुदायिक विद्यालयको प्रशासनलाई चुस्त एवं नतिजामुखी बनाई सञ्चालन गर्न आवधिक रुपमा योग्यता पुगेका शिक्षकहरुबीच खुला प्रतिस्पर्धाको माध्यमबाट प्रतिस्पर्धी र योग्य प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडी बढाइनेछ ।

५१. विद्यालयमा दरबन्दी बढी र विद्यार्थी संख्या कम हुने र केहीमा विद्यार्थी संख्या बढी र दरबन्दी कम हुने अवस्थाको अन्त्य गरी गुणस्तरीय एवं प्रभावकारी शिक्षण सिकाईका लागि भौगोलिक अवस्थिति, विद्यार्थी संख्या, विद्यालयसम्मको पहुँच र आवश्यकता समेतलाई आधार बनाई तह तथा विद्यालयहरुलाई एकआपसमा समायोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५२. कोचिङ तथा ट्युसन कक्षा, भाषा कक्षा, प्राज्ञिक तालिम केन्द्र, मन्टेश्वरी कक्षा संचालनलाई मापदण्ड तयार गरी नक्शांकन समेतका आधारमा दर्ता एवं नियमन गरिनेछ । सबैका लागि शिक्षामा पहुँच अभिवृद्धिका लागि बाल विकास केन्द्रहरुको आधुनिकीकरण गरिनेछ ।

५३. सामुदायिक विद्यालयहरुको नियमित निरीक्षण एवं अनुगमन कार्यलाई प्रभावकारी बनाउदै Tracking System लागु गरिनेछ । नगरभित्रका सम्पूर्ण विद्यालयहरुले वार्षिक योजना निर्माण गरी नगरमा स्वीकृतिका लागि पेश गर्ने र सोही योजनाको मूल्याङ्कनका आधारमा अनुदान, प्रोत्साहन र कार्यक्रम वितरण गरिनेछ ।

५४. **"बेनी नगरवासीको इच्छाः गुणस्तरीय र सीपयुक्त शिक्षा"** को अवधारणा अनुसार बेनी नगरपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाईको माध्यमबाट सीपयुक्त मानव संशाधनको उत्पादन एवं विकास गरी मानव पुँजिलाई श्रमसँग, श्रमलाई उत्पादनसँग, उत्पादनलाई रोजगारीसँग, रोजगारीलाई आय आर्जनसँग र आयआर्जनलाई समृद्धिसँग जोड्न We can do कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणालीप्रति अभ्यस्त बनाउन विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्रधानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करार गरिनेछ । चौमासिक रुपमा सो सूचक सहितको कार्यप्रगति नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ । कार्यसम्पादनमा उत्कृष्ट ठहरिने एक महिला र एक पुरुष शिक्षकलाई पुरस्कृत गरिनेछ ।

५६. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न नगर शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको सबलीकरण गरिनेछ ।

५७. अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा विशेष प्रोत्साहनसहित भर्ना गरिनेछ । फरक क्षमता भएका विद्यार्थीको सिकाइलाई निरन्तरता दिइनेछ । विद्यालय उमेर समुहका विद्यार्थीहरुलाई विद्यालय बाहिर नरहने वातावरण सिर्जना गरिनेछ ।

५८. निजी र सामुदायिक शिक्षण संस्थाबीच भगिनी सम्बन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व बहन गर्ने वातावरण तयार गरिनेछ ।

५९. **"सोच, खोज र गर"** अन्तर्गत पठन खोज तथा अनुसन्धानात्मक अध्ययन प्रवृत्तिको विकास गरी गुणस्तरीय शिक्षा हासिल गरिनेछ । समुदायको सहभागितामा विद्यालय हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. लागु पदार्थको दुर्व्यसन नियन्त्रण गर्नका लागि सुरक्षा निकाय तथा निजी क्षेत्रको सहकार्यमा मनोपरामर्श सहित जनचेतना र जागरणको कार्यक्रम संचालन गरिनेछ ।

६१. विद्यालयमा विद्यार्थी स्वास्थ्य सेवाको सुनिश्चितता गर्न सामुदायिक स्वास्थ्य संस्थाहरुसँग सहकार्य गरी विद्यालयका लागि स्वास्थ्यकर्मीको व्यवस्था सहित **"One School : One First Aid Box"** कार्यक्रम सञ्चालन गरिनेछ ।

**खेलकुद**

६२. **"स्वास्थ्य र सार्थक जीवनशैलीका लागि खुला व्यायामशाला"** अवधारणा अन्तर्गत एक वडा एक खुला क्षेत्र/व्यायामशाला निर्माण कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६३. नगरस्तरीय खेलमैदानको रुपमा रहेको बेनी रङ्गशाला (खुला मञ्च), चुत्रेनी खेलमैदान तथा तोरीपानी खेलकुद मैदान, रत्नेचौर, डोले, बगरफाँट, सुर्केमेला खेलमैदान लाई स्तरोन्नति गरिनेछ ।

६४. नगर स्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन गरी यस वर्ष खेलकुद कार्यक्रमलाई वडास्तरसम्म सञ्चालन गर्दै लगिनेछ । समग्र खेलकुद विकासका लागि नगरपालिकामा खेल शिक्षक नियुक्त गरी बिद्यालयहरुमा घुम्ती प्रशिक्षण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

६५. खेलकुदलाई प्राथमिकता साथ अगाडी बढाउन र खेल जगतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिको प्राप्ति सुनिश्चित गर्न उत्कृष्ट खेलाडी छनोट गरी सम्मान गरिनेछ ।

६६. सदरमुकाम बेनीमा भलिबल खेल प्रशिक्षण केन्द्र स्थापनाका लागि पहल गरिनेछ ।

**स्वास्थ्य**

६७. आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाइनेछ । नगरका दश वटै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने नीति लिइनेछ ।

६८. गम्भिर प्रकृतिका रोग भएका, अति दुखाईले छट्पटिएका, मृत्युवरणका अवस्थाका लागि गुज्रीरहेका बरबर अवस्थाका जेष्ठनागरिक, असहाय अवस्थामा रहेका अपांग नगरवासीहरुको लागि **PALLIATIVE CARE** कार्यक्रम नमुना अभ्यासको रुपमा गैरसरकारी संघसस्थाको सहकार्यमा सञ्चालन गरिनेछ । यसका लागि **Doctor In Call** कार्यकम, आपातकालीन उद्धार, तत्काल संरक्षणात्मक आदेश कार्यान्वयन, औषधी वितरण, Ambulance सेवा, मनोचिकित्सक सेवा लगायत सेवा सञ्चालन गरिनेछ ।

६९. स्वास्थ्य बिमा कार्यक्रममा सबैको सहज पहुँच सुनिश्चित गरी स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाइनेछ । साथै बेनी नगरपालिका भित्रका आर्थिक सामाजिक हिसाबले पछि परेका विपन्न नागरिकहरुको परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिनेछ ।

७०. बेनी नगरवासीहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच सुनिश्चित गर्न र नागरिकलाई स्वास्थ्य सेवाको अनुभुत गराउन ७० वर्ष माथीका ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका नागरिकहरुको स्वास्थ्य अवस्था बारे जानकारी लिई उचित मनोसामाजिक परामर्श, निःशुल्क स्वास्थ्य परीक्षण, उपचार परामर्श, नर्सिङ सेवा, डाक्टर ईन कल जस्ता सुविधा समावेश गरी **"घरघरमा स्वास्थ्यकर्मी"** अभियानलाई निरन्तरता दिइनेछ ।

७१. नसर्ने रोगको समयमै पहिचान हुन नसक्दा वर्षेनी कैयौं मानिसहरुको मृत्यु हुने गरेको तथ्यलाई आत्मसात गर्दै हरेक महिनाको पन्ध्र गते **"नसर्ने रोगको निशुल्क परीक्षण"** नियमित रुपमा सबै स्वास्थ्य चौकीहरुमा गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका अतिरिक्त सबै स्वास्थ्य चौकीहरुमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायत प्रजनन अङ्गको क्यान्सरको स्क्रिनिङ जाँच (VIA) निशुल्क गरिनेछ ।

७२. **बेनी नगरपालिकाको प्रतिबद्धता : मर्यादित महिनावारी र स्वच्छता** अन्तर्गत किशोरीहरुको स्वास्थ्य सुरक्षाका लागि नगरपालिका भित्रका सबै विद्यालयहरुमा निशुल्क स्यानिटरी प्याड वितरण र विसर्जनको समेत उचित प्रबन्ध दिलाउन प्रोत्साहन गरिनेछ ।

७३. गर्भवती महिला बालबालिका तथा किशोरकिशोरीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई विभिन्न सरोकारवाला संस्थाहरु समेतसँगको सहकार्यमा बेनी नगरपालिकाभित्रका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

७४. जन्मदर्तालाई सुत्केरी पोषणसँग अन्तरसम्बन्धित गरी ६ महिनासम्म न्युन आय भएका सुत्केरी महिलालाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ । यस अन्तर्गत कानूनले तोकेको म्यादभित्र व्यक्तिगत घटना दर्ता गर्ने विपन्न, न्युन आय भएका र सीमान्तकृत नागरिकहरुलाई जन्मेको २ वर्षसम्म पोषणभत्ता उपलव्ध गराइनेछ ।

७५. महामारी रोकथाम पूर्व तयारी योजना निर्माण गरी स्रोत साधन सहितको विपद् प्रतिकार्य समुह निर्माण गरिनेछ ।

७६. नगरपालिकाका आसपासका क्षेत्रमा रहेका औषधीजन्य जडीवुटी, वनस्पति र वनस्रोतको संरक्षण सम्वर्द्धन र उपयोगितालाई बढाउन म्याग्दीका अन्य पालिकासंगको सहकार्यमा जडीवुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ ।

७७. **उपचार र निदान भन्दा रोग लाग्न नदिनु बेश** भन्ने अवधारणालाई आत्मसात गर्दै आयुर्वेदको प्राज्ञिक र उपचार केन्द्रका रुपमा पौलश्य ऋषिको तपोभुमिको रुपमा रहेको पुलाश्रममा आरोग्य धाम स्थापना गर्न अध्ययन गरिनेछ ।

७८. सबै स्वास्थ्य संस्थावाट सेवा लिने सेवाग्राहीको डिजिटल अभिलेख राखिनेछ । स्वास्थ्य संस्थामा हुने मृत्युको **डेथ अडिट**को व्यवस्था मिलाइनेछ ।

७९. विभिन्न स्थानमा गैरसरकारी संघसस्थासँग समन्वय गरी बृहत स्वास्थ्य शिविरको आयोजना गर्ने, स्वास्थ्य जनचेतना फैलाउने अभियान चलाउने कार्यक्रम गर्न अभिप्रेरित गरिनेछ ।

८०. गर्भको जटिलता र जोखिमको समयमै पहिचान गर्न सबै वडाहरुमा पुग्ने गरी दक्ष जनशक्ति सहितको ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

८१. नगरभित्र महिला सशक्तीकरण मार्फत् हरेक क्षेत्रमा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

८२. "**आमा समूहसँग उपमेयर**" कार्यक्रम मार्फत नगरपालिकाभित्रका विभिन्न महिला तथा आमासमूहको क्षमता विकास तथा आर्थिक सशक्तिकरणका लागि उत्पादन तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८३. महिला हिंसा विरुद्धका कार्यक्रमहरुमा पुरुषहरुको ऐक्यवद्धता कायम गरी महिला हिंसा न्यूनीकरण गर्न महिला हिंसा विरुद्ध महिला पुरुष समविकास कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. हिंसा प्रभावितहरुका लागि अल्पकालीन आश्रय सहित तत्कालै उद्धार गर्ने व्यवस्था मिलाई त्यसका लागि राहत, उद्धार, पुनर्स्थापन तथा पारिवारिक पुनर्मिलनका कार्यक्रम संचालन गरिनेछ ।

८५. बेनी नगरपालिका भित्रका विपन्न नागरिकहरुको पहिचान र अभिलेखीकरण गरी विपन्न परिचयपत्र वितरण गर्ने विषयमा थप अध्ययन गरी आवश्यक कार्य अघि बढाइनेछ । यसरी पहिचान भएका विपन्न वर्गका परिवारका सदस्यहरुलाई **मृत्यु बिमा र निशुल्क विद्युत महशुल सुविधा** सहित विपन्न कर्जा कार्यक्रम, कार्यालयका सिफारिस तथा सेवाहरु निशुल्क गरिनेछ ।

८६. नगरका सबै वडाहरुलाई बालमैत्री बनाउँदै लगिनेछ । मापदण्ड पुगेका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्दै २०८२ बैशाखसम्ममा बेनी नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिनेछ ।

८७. जोखिम पूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण हक अधिकारको सुनिश्चितताको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । बाल बिबाहलाई निरुत्साहित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. बालबालिकाको हक, अधिकार सुनिश्चित गर्न र बालबालिका संरक्षण कार्यका लागि गठन भएका बाल अधिकार समिति, नगर बालमञ्च र बाल संरक्षण समितिलाई वडा स्तरसम्म परिचालन गरी सक्रिय र प्रतिस्पर्धी बनाइनेछ ।

८९. अपाङ्गता भएका व्यक्तिहरुको वस्तुनिष्ठ वर्गीकरण गरी अपाङ्गता परिचयपत्रलाई समयमा नै उपलब्ध गराइनेछ । अपाङ्गता परिचयपत्र वितरणका लागि गरिदै आएको घुम्ती शिविरलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएकाहरुको क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

९०. बिभिन्न वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रलाई थप सशक्तिकरण गरिनेछ । आर्ट अफ लिभिङबाट वृद्धवृद्धाका जीवनलाई सहज बनाइनेछ ।

९१. दलित तथा अतिविपन्न एवं सीमान्तकृत जाति र समुदायको परम्परागत पेशा र व्यवसायको प्रवर्द्धन गरिनेछ । लक्षित समुदायको पेशा, सीप तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

### भाषा, कला, साहित्य र संस्कृति

९२. विभिन्न भाषा, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न विशेष जोड दिइनेछ । ऐतिहासिक धार्मिक महत्वको गलेश्वर धामलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न नेपाल सरकारसंगको समन्वयमा पहल गरिनेछ ।

९३. बेनी नगरपालिका वडा नं ७ स्थित निर्माणाधिन शान्ति पार्कमा साहित्य डवली स्थापना गरी मासिक रुपमा गजल साँझ, कविता सन्ध्या जस्ता साहित्यिक कार्यक्रम सञ्चालन गरिनेछ । श्रष्टाहरुको अभिलेख तयार गरी योगदानका आधारमा श्रष्टा सम्मान गरिनेछ ।

९४. नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत चौतारी, पोखरी तथा विश्रामस्थलको निर्माण र संरक्षणको कार्यमा स्थानीय तहको निर्णय बमोजिमको रकम खर्च स्थानीय व्यक्तिको योगदानको उच्च कदर गर्दै निजहरुको इच्छा अनुसार चौतारी नामाकरण गरिनेछ । साबिकमा कसैले निर्माण गरी जीर्ण भएका चौतारी पोखरीको हकमा पूर्व निर्माणकर्ताको अनुमती लिनुपर्नेछ ।

### पूर्वाधार तथा शहरी विकास

९५. भौतिक पूर्वाधारको आवश्यकता र सम्भावना बमोजिमका कार्यालय, विद्यालय र सामुदायिक भवन, सडक, Land Fill Site, खेलकुद मैदान लगायतका पूर्वाधार विकासका कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।

९६. बेनी नगरपालिका र वडाको केन्द्रसम्म जोड्ने बाटोलाई कम्तिमा बाह्रै महिना चल्न सक्ने गरी All Weather Road का रुपमा विकास गरिनेछ ।

९७. बेनी बजार क्षेत्रभित्रका अव्यवस्थित रुपमा रहेका टेलिफोनका तार र अन्य तार हटाईसकेको अवस्थामा यसलाई थप व्यवस्थित बनाउन भूमिगत अप्टिकल फाइवर जडानका लागि पहल गरिनेछ । बेनी नगरपालिकाभित्र रहेका विद्युत प्रसारण लाइनका खुला तारहरुलाई एबिसी केबलले प्रतिस्थापन गरिनेछ । अव्यबस्थित घर टहरा र अतिक्रमित सडक पेटी हटाइने छ ।

९८. समृद्ध बेनी नगर निर्माणका लागि तपसिलका नगरका गौरबका आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेटको व्यवस्था गरिनेछ ।

क. बेनी रङ्गशाला (खुल्लामञ्च) निर्माण,
ख. बेनी-ज्यामरुककोट सडक,
ग. बेनी- अर्थुङ्गे पुलाचौर डडुवा सडक,
घ. गलेश्वर -काउलेगौडा गिठिनि पात्लेखेत सडक,
ङ. महारानीस्थान देखि बेनी क्याम्पस चोकसम्मको बहुउद्देश्यीय पदमार्ग, अग्नि रेखा
च. **"एक वडा एक पर्यटन परियोजना"** का योजनाहरु

९७. नगर भित्र रहेका रणनीतिक सडकहरु क्रमशः कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । पक्की सडक निर्माण गर्नका लागि डि.पि.आर. तयार नभएका सडकको डि.पि.आर. तयार गरिनेछ भने नाली सहितको बाटो निर्माणमा जोड दिइने छ ।

९८. नगरपालिकाको आर्थिक तथा प्राविधिक क्षमताका कारण नगरपालिकास्तरबाट सम्पन्न गर्न नसकिने ठुला खालका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) सहितको योजना बैंक तयार गरी आवश्यकता अनुसार केन्द्रीय तथा प्रदेश सरकारसँग बजेट माग गरी सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

९९. बेनी बजारको सौन्दर्यता वृद्धि गरी मौलिक शहरका रुपमा विकास गर्न बजारक्षेत्रभित्र ढुङ्गा/टायल छपाउने कार्यलाई निरन्तरता दिदै मंगलाघाट र कालिपुल पुरानोबजार क्षेत्रमा सो कार्य अगाडी बढाइनेछ ।

१००. बेनी बजार तथा कालीपूल मंगलघाटबजार जोड्ने नदी किनारको सडकलाई नमूना सडकका रुपमा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

१०१. नगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधारहरु अपांगमैत्री, वातावरणमैत्री र हरित सडकका रुपमा विस्तार र स्तरोन्नति गर्ने नीति लिइनेछ ।

१०२. नगरपालिकाको भु-उपयोग नीति अन्तर्गत रही जग्गा वर्गीकरणको कार्य सम्पन्न भईसकेको छ । आगामी वर्ष अव्यवस्थित खण्डीकरण निरुत्साहित गर्दै जग्गा विकास कार्यक्रम लागु गरिनेछ ।

१०३. नेपाल सरकार शहरी विकास मन्त्रालयबाट जारी गरिएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ का अधिनमा रही नगरपालिका बस्ती विकास सम्बन्धी कार्यविधि तर्जुमा गरी जोखिममुक्त भवन निर्माणको इजाजत प्रदान र नियमन गरी अव्यवस्थित भवन निर्माणलाई निरूत्साहित गरिनेछ ।

१०४. अनुगमन कार्यलाई प्रभावकारी बनाउन गुणस्तर मापन साधन प्रयोग गरी नगरपालिकामा सञ्चालित हुने विकास निर्माणका पूर्वाधार तथा निर्माण कार्यको गुणस्तर मापन गरी नियमन गरिनेछ ।

१०५. नक्सापास कार्य व्यवस्थित र प्रविधिमैत्री बनाउँदै आवेदन, स्वीकृति एवं इजाजत दिने प्रक्रिया अनलाइन बनाइनेछ । ग्रामीण क्षेत्रमा जोखिममुक्त कच्ची आवास निर्माणका लागि निशुल्क नक्सापास र प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

१०६. तातोपानी कुण्डको शुद्धता र संरक्षणका लागि बजारक्षेत्रमा उपयुक्त ढल व्यवस्थापन गर्ने, नयाँ घर निर्माण स्वीकृति लिदाँका वखत जमिनमा गैर पारगम्य सेप्टिक ट्याङ्क (Non- Permeable Septic Tank) बनाउनुपर्ने र निर्माण भै सकेका घरको लागि समेत क्रमश: गैर पारगम्य सेप्टिक ट्याङ्क (Non- Permeable Septic Tank) निर्माण गर्न लगाउने नीतिगत व्यवस्था गरिनेछ ।

१०७. **"एक घर एक धारा "** अभियानलाई नगरका सबै वडा र टोल टोलसम्म क्रमशः पुर्‍याउदै नागरिकको स्वच्छ र स्वस्थ खानेपानीको पहुंच अभिवृद्धि गरिनेछ ।

१०८. पर्यटकीय बेनी नगर निर्माणका लागि पहिचान भएका क्षेत्रहरुको विकाससंगसंगै यातायातको लागि पैदल मार्ग, ट्रेकिङ रुट, केवलकाररुट लगायतका Mass Transportation संचालन सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१०९. प्रदेश सरकारको सहकार्य र समन्वयमा ट्राफिक व्यवस्थापन चुस्त र दुरुस्त बनाइनेछ । बेनी बजारमा सार्वजनिक पार्किङ स्थलको उचित व्यवस्थापन गरिनेछ ।

११०. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको स्रोतबाट निर्माण भएका सडक तथा संरचनाहरुमा अवैध किसिमबाट ठुला स्काभेटर गुडाई वा खानेपानी लगायतका कुनै संरचना निर्माण गर्दा यसरी निर्माण गरिएका संरचना वा सडक बिग्रे भत्किएमा सम्बन्धित व्यक्ति वा संस्थालाई जिम्मेवार बनाई सो मर्मतमा लाग्ने खर्च असुल उपर गरिनेछ ।

**वन, वातावरण, सरसफाइ र विपद् व्यवस्थापन**

**१११.** नगरपालिकाभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी कार्यक्रम अगाडि बढाइनेछ ।

११२. बेनी नगरपालिका क्षेत्रभित्र तत्काल र शीघ्र सम्पादन गर्नुपर्ने कार्य मर्मत सम्भार, विपद् पूर्व तयारी एवं प्रतिकार्य आकस्मिक सेवा लगायतका कार्य गर्न सम्वद्ध शाखाका अनुभवी र तालिम प्राप्त Rapid Response Team बनाइनेछ । यस शाखालाई २४ सै घण्टा परिचालन गरिनेछ ।

११३. बेनी नगरपालिकाभित्र रहेका सार्वजनिक पोखरी तालतलैया र चौताराहरुको मर्मत तथा जीर्णोद्धार गर्ने कार्य अघि बढाइनेछ । कालिगण्डकी तथा म्याग्दी नदीघाटहरुको संरक्षण गरिनेछ ।

११४. बेनी नगरपालिका विपदजन्य जोखिमका हिसाबले अघि रहेको र वर्षेनी विपदबाट ठुलो जनधनको क्षति हुने गरेको अवस्थालाई मध्यनजर गर्दै मनसुन अवधिभर (असार देखि असोजसम्म) का लागि विपदजन्य पहिरो पन्छाउने कार्यका लागि ठुला उपकरण भाडामा लिई विपद व्यवस्थापनका लागि पूर्वतयारी गरिनेछ ।

११५. विपदबाट हुने क्षति बापतको राहत र पुनर्स्थापना कार्यमा सघाउ पुर्याउने गरी स्थापना गरिएको विपद व्यवस्थापन कोषको परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

११६. बेनी नगरपालिकाभित्र देखिने विभिन्न विपदजन्य घटनाहरुको सम्भावित क्षति न्यूनीकरण गरी उद्धार, राहत र पुनर्स्थापनाको कार्यका लागि **"विपदमा मेयर"** कार्यक्रम सञ्चालन गरी विपद व्यवस्थापनको कार्यका लागि आवश्यक स्रोत जुटाईनेछ र नागरिकले अनुभूत गर्ने गरी छरितो माध्यमबाट राहत उपलब्ध गराईनेछ ।

११७. हाल सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रम र मनसुन प्रभावितका लागि निजी आवास पुनर्निर्माण कार्यक्रमलाई थप व्यवस्थित गरी नागरिकले समयमै राहत पाउने कुराको सुनिश्चित गरिनेछ ।

११८. सबै प्रकारका विपदको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।

११९. निजी तथा सहकारी क्षेत्रसंगको सहकार्य/ साझेदारीमा कुहिने फोहोरको व्यवस्थापन एवं प्रशोधन मार्फत वायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन दिइनेछ । यसरी उत्पादित मललाई अनुदान सुविधामा कृषकसम्म पुग्ने नीति लिइनेछ । यसरी उत्पादित ग्यास र मलवाट आयात प्रतिस्थापनमा टेवा पुग्ने विश्वास लिइएको छ ।

**कानून, मानव अधिकार र न्यायिक समिति**

१२०. न्यायिक समितिको निर्णयलाई नगरबासीले न्याय अनुभूत हुने गरी नतिजामूलक कार्यान्वयन सुनिश्चित गर्न न्यायिक समिति, मेलमिलाप कर्ता र संस्थागत संरचनाको सवलिकरण र शसक्तिकरण गर्दै लगिनेछ ।

१२१. न्यायिक समितिको कार्यलाई व्यवस्थित गरी दुवै पक्षहरुलाई जित जितको अवस्थामा पुर्याउन वडास्तरबाट मेलमिलाप गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । यसका लागि वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता सूचिकृत गरिएकोमा थप नयाँ मेलमिलापकर्ता तयार गरी प्रभावकारी बनाउन मेलमिलाप कर्तालाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन तथा क्षमता अभिवृद्धि गरिनेछ ।

१२२. बेनी नगरपालिका कानुनको समयानुकूल परिमार्जन गर्दै कार्यान्वयनशीलता बृद्धि गरिनेछ । संघीय कानून र प्रदेश कानूनको अधिनमा रही नगर ऐन, नियमावली तथा कार्यविधिहरु तर्जुमा गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

१२३. नगरपालिकाको योजना शाखालाई **योजना तथा प्रशिक्षण शाखा**का रुपमा रुपान्तरण गरी नगरपालिकाभित्र हुने सबै किसिमका तालिम तथा क्षमता विकास कार्यक्रमको आवश्यकता पहिचान देखि आगामी वर्षका कार्यक्रमहरुलाई एकद्वार प्रणालीका माध्यमबाट सोही शाखा मार्फत सञ्चालन तथा कार्यान्वयन गरिनेछ ।

१२४. नगरपालिकाका सेवा र विकासको प्रवाह सूचकमा आधारित, वस्तुनिष्ठ, पारदर्शी र अनुमानयोग्य बनाउन गै.स.स.संगको सहकार्यमा तयार भएको नगर डिजिटल प्रोफाइललाई REAL TIME मा आधारित बनाई लागु गरिनेछ ।

१२५. नगरको कार्यसम्पादनको गुणस्तरको सम्बन्धमा सुझाव तथा जनगुनासो सुन्न र समाधान गर्नका लागि **हेलो मेयर** कार्यक्रम शुरु गरिनेछ ।

१२६. घटनादर्ता कार्यलाई नागरिकको अधिकार र कर्तव्य दुवै स्थापित गर्न हाल कार्यान्वयनमा रहेको अनलाईन घटनादर्ता प्रणालीमा REAL TIME मा आधारित **जनसंख्या घडी** सञ्चालनमा ल्याइनेछ ।

१२७. नगरपालिकास्तरबाट सम्पादन भएका कार्यहरुको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यहरु सञ्चालन गरी नगरपालिकाको सेवालाई नगरवासीप्रति उत्तरदायी तुल्याइनेछ ।

१२८. सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुलाई Tracking System मा समाहित गरिनेछ ।

१२९. नगरपालिकामा एकद्वार प्रणालीवाट स्वचालित र अनुमायोग्य सेवा प्रवाहलाई सुनिश्चित गरिनेछ । कार्यालय भित्र र बाहिर रहेका अन्य संघ तथा विषयगत कार्यालयवाट प्राप्त गर्ने सेवा समेतलाई सहजिकरण गर्न कार्यालयलाई थप व्ययभार नपर्ने गरी नागरिक सहायता कक्षको व्यवस्था गरिनेछ ।

१३०. नगरपालिका कार्यरत कर्मचारीहरुको सरुवा मापदण्ड तयार गरी सोका आधारमा सबै भौगोलिक र जनसांख्यिक क्षेत्रको अनुभव हुने गरी व्यवस्थित गरिनेछ ।

१३१. कर्मचारीहरुले सम्पादन गर्नुपर्ने कार्य र जिम्मेवारीको मापनयोग्य कार्यविवरण र कार्यसम्पादन सूचक निर्माण गरिनेछ । कार्यक्रमको वार्षिक लक्ष्य किटान गरी सो अनुसार कार्यसम्पादन सम्झौता गरिनेछ । कर्मचारीको वृत्ति विकास क्षमता अभिवृद्धिका अवसर, प्रोत्साहन र पुरस्कारलाई कार्यसम्पादनसँग आवद्ध गरिनेछ ।

१३२. नगरको राजश्व प्रशासनको सुधार मार्फत सुदृढ र सक्षम बनाई राजश्व वृद्धि गर्न राजश्व सुधार कार्ययोजना निर्माण गरी अंगीकार गरिनेछ र आन्तरिक स्रोतको परिचालनलाई सबल बनाइनेछ ।

१३३. नगरपालिका अन्तर्गत बजार क्षेत्रका घरहरुको मात्र म्यानुअल प्रणालीद्वारा क्याडस्ट्रल म्यापमा आधारित घर नम्बरको वितरण गर्दै आएकोमा नगरपालिकाका सम्पूर्ण वडाहरुमा वैज्ञानिक ठेगाना प्रणाली (मेट्रिक एड्रेसिङ सिस्टम) प्रारम्भ गरिनेछ ।

१३४. नगरपालिकामा संवैधानिक व्यवस्था बमोजिम तीन जना नगर प्रहरी पदपूर्ति गरिएको छ । नगरपालिकाको क्षेत्र र कार्यजिम्मेवारीका आधारमा विद्यमान दरवन्दी संरचनामा २ जना जनशक्ति थप गरी कानूनको कार्यान्वयन र बजार अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

१३५. सुसूचित हुन पाउने नागरिकको अधिकारलाई स्थापित गर्न सञ्चार क्षेत्रको महत्वपूर्ण भुमिका रहन्छ । नगरपालिकाले सही र सत्य सूचना प्रवाह गर्न र स्वच्छ आलोचनाको अपेक्षा राखेको छ । श्रमजीवी पत्रकारहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुका साथै पत्रकार महासंघको सहकार्यमा बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६. नगरपालिकाभित्रका सार्वजनिक जग्गाहरुको नापी गराई अभिलेख व्यवस्थित गरिनेछ र सार्वजनिक जग्गाको संरक्षण र उचित प्रयोग गर्ने व्यवस्था गराई सार्वजनिक जग्गा अतिक्रमण गर्ने व्यक्ति वा समूहलाई कारवाहीको दायरामा ल्याइनेछ ।

१३७. बेनी नगरपालिकाबाट तोकिए बमोजिमका करहरु नियमित हिसाबले बुझाउन करदातालाई प्रोत्साहित गरिनेछ । उत्कृष्ट करदातालाई सम्मान गर्ने प्रणाली स्थापित गरिनेछ । नगरक्षेत्रभित्र लागु गराउन सकिने सम्भावित करका क्षेत्रहरु पहिचान गरी करको दायरा विस्तार गरिनेछ ।

१३८. करदाताहरुले आर्थिक वर्ष शुरु भएको तिन महिनाभित्रै नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने सबै कर तिरेमा कुल करमा १० प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।

१३९. बेनी नगरपालिकाको पूर्वाधार विकास, प्रविधि विस्तार, कर्मचारीको दक्षता वृद्धि समेतमा सकारात्मक योगदान पुर्याउने गरी विश्वभरका विकसित राष्ट्रका विभिन्न शहरहरुसँग मित्रवत तथा भगिनी सम्बन्ध स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१४०. संविधानले नैसर्गिक अधिकारका रुपमा स्थापित गरेको नयाँ नागरिकता सिफारिश सम्बन्धी कार्यलाई निशुल्क बनाइनेछ ।

१४१. नगरपालिकाको कार्यलाई थप सहज र व्यवस्थित बनाउन आवश्यक कानून एवं कार्यविधि निर्माण गरिनेछ ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, स्वदेश तथा विदेशमा रहनुहुने नगरवासी दाजुभाइ तथा

दिदीबहिनीहरु, पत्रकार तथा सञ्चार जगत र राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक आभार व्यक्त गर्दै बेनी नगरपालिकाको नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नका लागि सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु । नगरको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, दातृ निकाय, सहयोगी संघसंस्था तथा निकायहरु र निजी क्षेत्र प्रति म बेनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने विश्वास गर्दछु ।

धन्यवाद् ।

जय बेनी नगरबासी ।

जय बेनी नगरपालिका ।।

ईति सम्वत दिन २०८० आषाढ १० गते रोज १ शुभम्-----------------------------------------------------